**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः २७ जनवरी २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

- आरजीकर काण्डका दोषीलाई मृत्यृ दण्ड दिनुपर्ने राज्य सरकार र सीबीआई को याचिका माथि कोलकाता उच्चन्यायलयको सुनवाई पुरा ,निर्णय सरक्षित
- केन्द्रिय वित्तमंत्रीनिर्मला सीतारमनले १ फरवरीको दिन संसदमा बजट पेश गर्नुहुनेछ।
- कोलकाताको केही वार्डहरूमा बहुतल्ले भवनहरू ढल्किनाले स्थानीय मानिसहरूमा त्रास।
- आरएसएस प्रमुख मोहन भागवतको पश्चिम बंगालभ्रमणलाई १० दखि घटाएर ४ दिन पारिएको छ।
- मिरिक महोत्सव भव्य रूपमा आज सम्पन्न।
- महाकुम्भमा जीटिए, तराई, डुर्वस र सिक्किमबाट पनि श्रदालुहरूको घुँइचो।

**आरजीकर मामिलामा सुनवाई पूरा**

कलकत्ता हाई कोर्टको डिभीजन बेञ्चले आरजीकर मेडिकल कलेज दुष्कर्म एवं हत्या मामिलामा दोषी सञ्जय रायलाई मृत्यु दण्ड दिनुपर्ने मागमा दर्ता सीबीआई अनि पश्चिम बंगाल सरकारको याचिकामाथि सुनवाई पूरा गरेको छ। न्यायमूर्ति देबांग्शु बसाक र न्यायमूर्ति शब्बार रशिदीको बेञ्चले आज सुनवाई गरेपछि फसेलालाई सुरक्षित राख्यो। बिहान 10:30 बजे शुरू भएको यो सुनवाई अपरान्ह 12:45 बजे समाप्त भयो। सुनवाई अवधि सीबीआईले आफ्नो दलीलमा भन्यो, यस मामिलाको जाँच हाई कोर्टको आदेशमा सीबीआईले गरेको थियो भने उसैले पीड़ित परिवारको प्रतिनिधित्व पनि गरिरहेको छ, त्यसैले याचिका दर्ता गराउने अधिकार सीबीआईलाई छ कि राज्य सरकारलाई। यसको विपरीत राज्य सरकारका वकिलले तरक दिए, दण्ड प्रक्रिया संहिता (सीआरपीसी)- को धारा 377 र 378 अन्तर्गत राज्य सरकारलाई यो अधिकार छ कि उसले कुनै सजायलाई अपर्याप्त मान्दै उविरूद्ध अपील गर्नसक्छ। यो मामिला त्यसबेला चर्चामा आएको थियो जतिबेला गत 9 अगस्त, 2024-मा आरजीकर मेडिकल कलेज एवं अस्पतालको प्रांगणमा अवस्थित एक सेमिनार हलबाट एकजना महिला डाक्टरको शव उद्धार गरिएको थियो। मामिलाको प्रारम्भिक जाँच कोलकाता पुलिसले गरेको थियो जसान्तर्गत मुख्य आरोपी सञ्जयलाई पक्राउ गरिएको थियो। पछि हाई कोर्टको निर्देशमा मामिलाको जाँच सीबीआईलाी सुम्पिइयो।

****** ० ******

**वित्तमन्त्री - बजेट**

वित्तमन्त्री निर्मला सीतारमणले १ फरवरीमा आर्थिक वर्ष २०२५-२६ को लागि केन्द्रीय बजेट प्रस्तुत गर्नु हुनेछ। आगामी बजेटले घरेलु तथा विश्वव्यापी चुनौतीहरूको सामना गर्न सरकारको आर्थिक प्राथमिकता र वित्तीय रणनीतिहरूलाई प्रतिबिम्बित गर्नेछ। बजेटले आर्थिक वृद्धि, रोजगारी सिर्जना र वित्तीय नियन्त्रणमा ध्यान केन्द्रित गर्ने अपेक्षा गरिएको छ, जसमा बलियो पूर्वाधार र उत्पादन इकोसिस्टम निर्माणमा जोड दिइनेछ। आकाशवाणी समाचारले विशेष पूर्व-बजेट श्रृंखलामा विज्ञहरू र मानिसहरूको अपेक्षालाई अघि ल्याउनेछन्।

****** ० ******

**उत्तराखण्ड युसीसी**

आजदेखि उत्तराखण्डमा समान नागरिक संहिता-यूसीसी लागू भएको छ। उत्तराखण्ड यो अधिनियम लागू गर्ने देशको पहिलो राज्य बनेको छ। यसले सबै नागरिकहरूको लागि समान अधिकार सुनिश्चित गर्दै व्यक्तिगत नागरिक कानूनहरूलाई मानकीकृत गर्ने लक्ष्य राखेको छ। राज्य मन्त्रिपरिषद्ले हालै यूसीसी कार्यान्वयनका लागि नियम र विनियमहरू अनुमोदन गरेको छ। यूसीसी अन्तर्गत, राज्यका सबै नागरिकहरूका लागि विवाह, सम्बन्ध विच्छेद, उत्तराधिकार र उत्तराधिकारमा समान नियमहरू हुनेछन्, अनुसूचित जनजाति बाहेक, धर्मको पर्वाह नगरी विवाह र लिभ-इन सम्बन्धको दर्ता अनिवार्य हुनेछ।

****** ० ******

**झुकेका भवनहरूको मामिला**

कोलकाताका अलग-अलग वार्डहरूमा झुकेका भवनहरूको मामिलाले चिन्ता बढ़ाउँदै गइरहेको छ। बाघाजतीन, टेंगरा र तपसियापछि अब फेरि बोसपुकुरमा पनि यस्तै समस्या सामु आएको छ। आज बिहान बोसपुकुरको बेदियाडांगा मस्जिद घर लेनमा दुईवटा बहुतले भवन एका-अर्का तर्फ झुकेको खबरले क्षेत्रमा भय व्याप्त भएको छ। कोलकाता नगरनिगमको सूत्र अनुसार यी भवनहरू वार्ड नम्बर- 67 मा अवस्थित छन्। गत आइतवार 26 जनवरीको छुट्टी भएको कारणले कुनै कदम उठाउन सकिएन, तर आज नगरनिगमका प्रतिनिधिहरूको टोलीले यी भवनहरूको निरीक्षण गऱ्यो। भवन विभागको इञ्जीनियरहरूको टीमलाई यी बहुतले भवनहरूको स्थितिको जायजा लिन पठाइएको छ। वार्ड नम्बर- 67 का पार्षद बिजन मुखर्जीले उक्त घटनाको जानकारी पाएपछि यसलाई नगरनिगमको मुख्यालयसम्म पुऱ्याए। स्थानीय मानिसहरू अनुसार यी दुवै बहुतले भवन धेरै पुरानो भएकाले एका-अर्का तर्फ झुकेको छ। भवनका भित्ताहरू चर्किंदै गइरहेका छन्। तर अहिलेसम्म नगरनिगममा कसैले पनि औपचारिक सिकायत दर्ता गराएका थिएनन्। विशेषज्ञहरूको मान्यता छ, पुरानो भवन भएको कारणले यसको संरचना कमजोर भएको छ। यस अतिरिक्त भूजल स्तरमा परिवर्तन, निम्न गुणस्तरको निर्माण कार्य तथा उचित रखरखाउको अभाव पनि यस समस्याको प्रमुख कारण हुनसक्छ। शहरमा अवैध निर्माणहरूले पनि यस्ता समस्याहरू उत्पन्न गरिरहेको छ।

****** ० ******

**मोहन भागवतको बंगालमा दौड़ाहा**

राष्ट्रिय स्वयंसेवक संघ (आरएसएस) को सरसंघचालक मोहन भागवतको आगामी महिना पश्चिम बंगालमा हुने दौड़ाहाको कार्यक्रममा बदलाव गरिएको छ। उहाँको कोलकाता आगमनको तारिखलाई अगाड़ी बढ़ाइएको छ र राज्यमा उहाँको प्रवासका दिनहरूलाई पनि घटाइएको छ।
सूत्रहरू अनुसार, मोहन भागतको पहिले 7 फरवरीमा कोलकाता पुग्ने कार्यक्रम थियो तर अब यो मिति बदली भएर 11 फ़रवरी गरिएको छ। साथै उहाँको 10 दिनको निर्धारित दौड़ाह अब केवल चार दिनको भएको छ। नयाँ कार्यक्रम अनुसार, श्री भागवत 11 फरवरीमा कोलकाता पुगनु हुनेछ र त्यही दिन पूर्व बर्दवान जिल्लाको बर्दवान जानु हुनेछ। बर्दवानमा उको दौड़ाहको मुख्य फोकस मध्य बंगालका जिल्लाहरूमा आदिवासी बहुल क्षेत्रहरूमा आरएसएसको गतिविधिहरूमाथि हुनेछ। सूत्रहरू अनुसार, बर्दवानमा कार्यक्रम समाप्त भएपछि उहाँ त्यही रात कोलकाता फर्किनु हुनेछ। आगामी तीन दिनसम्म उहाँ राज्यमा आरएसएसका अन्य वरिष्ठ पदाधिकारीहरूको साथ विभिन्न बैठकहरूमा भाग लिनु हुनेछ। 13 फरवरीमा श्री भागवत र पश्चिम बंगालका नागरिक समाजका प्रतिनिधिहरूबीच एक बैठक निर्धारित छ।

****** ० ******

**मिरिक महोत्सव**

मिरिक महोत्सवको अन्तिम दिन विभिन्न रङ्गारङ्ग कार्यक्रम सम्पन्न भयो जसमा खेलकूद लगायत गीत ,संगीत ,सम्मान आदि धेरै कार्यक्रमहरू समावेश गरिएको थियो। समापन कार्यक्रममा जीटीएका मुख्य कार्यपाल अनित थापा पनि उपस्थित हुनुहुन्थ्यो।

****** ० ******

**अमित शाह प्रयागराज**

केन्द्रीय गृह तथा सहकारीता मंत्री अमित शाहले आज प्रयागराज महाकुंभमा गंगा, यमुना र सरस्वती नदीको संगम त्रिवेणीको पवित्र जलमा पवित्र डुबकी लगाउनु भयो। उत्तर प्रदेशका मुख्यमंत्री योगी आदित्यनाथ तथा कैयन संतहरूले श्री शाहका साथ पवित्र स्नान गर्नु भयो29 जनवरी मौनी अमावश्या तथा 3 फरवरी बसन्त पंचमीको दिन प्रयागराजको त्रिवेणी संगम तटमा 10 करोड़ भन्दा बढी श्रद्धालुहरूले पवित्र स्नान गर्ने सम्भावना छ। मानिसहरूको ठूलो संख्यालाई ध्यानमा राख्दै उत्तर प्रदेश सरकारले व्यापक परिबन्ध मिलाएको छ। 29 जनवरी र 3 फरवरी दुवै दिन अमृत स्नानका दिन हुन। यो महाकुम्भ मेला 26 फरवरी सम्म चल्ने छ।

****** ० ******

## महाकुम्भ  पहाड़

प्रयागराज महाकुम्भमा गोरखाल्याण्ड क्षेत्रीय प्रशासन GTA इलाका, तराई, डुवर्स अनि सिक्किमबाट बढ़ी संख्यामा श्रद्धालू सहभागी बनीरहेका छन्। 29 जनवरी मौनी अमावस्या तथा 3 फरवरी बसन्त पंचमीको दिन हजारौंको संख्यामा यहाँका मानिसहरू प्रयागराज पुग्ने सम्भावना छ। यसमा हिन्दु बौद्ध समूदायहरू सामेल छन्। पुर्वोत्तर सीमान्त रेलवेले आज को नर्थ इस्ट ट्रेन तथा 1 फरवरीको दिन गुड़ने नर्थ इस्ट एक्सप्रेस ट्रेनलाई रद्द गरेकोले कैयन मानिसहरू निराश देखिएका छन् भने कैयन मानिसहरूले नौ हजार रूपिया सम्मको किराया तीरेर ससाना वाहनहरूमा प्रयाग राज गइरहेका छन्। य़सरी नै आज 27 जनवरी 01 फरवरीको महानन्दा एक्सप्रेसलाई पनि रद्द् गरिएको छ। भोलीको ब्रह्मपुत्र मेललाई पनि रद्द गरिएको छ। न्युजलपाईगुड़ी रेलवे स्टेशनदेखि नेपालका पूर्वी जिल्लाहरू झापा, मोरंग, सुनसरी, इलाम. पांचथरका श्रद्धालुहरू पनि महाकुम्भ गइरहेका छन्। महाकुम्भमा जानु तथा पवित्र स्नान गर्नुका लागि आम मानिसहरूमा निकै चासो देखिन्दै छ। पूर्वोत्तर सीमान्त रेलवेले महाकुम्भ जानेहरूको सुविधाका लागि 2 वटा विशेष रेलगाड़ी चलाई राखेको छ जो सातामा चार पल्ट चक्कर लगाँउद्छन्। कामाख्या -टुण्डला तथा नाहरलगुन-टुण्डला विशेष ट्रेनहरू चलाईएका छन्।

****** ० ******

## सडक सुरक्षाबारे जिल्लाव्यापी सचेतना शिविर

सडक सुरक्षाबारे जिल्लाव्यापी सचेतना शिविर आजदेखि शुरु भयो। पश्चिम बङ्गाल रोड सेफ्टी कमिटीद्वारा दार्जीलिङ मोटर स्ट्याण्ड अनि मिरिक बजार परिसरबाट शुरु यस्ता शिविर आगामी ३१ जनवरीसम्म जिल्लाका विभिन्न ठाउँहरुमा हुने बताइएको छ। प्रतिवर्ष आयोजना गरिने यस्ता जनचेतनामुलक शिविरमार्फत २०४० भित्र ५० प्रतिशत सडक दुर्घटना नियन्त्रण गर्न सकिने सम्भावना व्यक्त गरिएको छ।

****** ० ******

## 'जीटीए आईडल'

जीटीए सूचना एवं संस्कृतिक विभागको तत्वावधानमा आयोजना भइरहेको प्रतिभाको खोज गायन प्रतियोगिता 'जीटीए आईडल' जीटीए क्षेत्रको 45 वटै समष्टिमा सम्पन्न भइरहेको छ। यसै क्रममा आज मङ्पू सरस्वती विद्यालयको भवनमा जीटीए पीआरओ विज्ञान मिश्रको अध्यक्षता अनि समष्टि सभासद रतन थापाको प्रमुख आतिथ्यमा अडिशन सम्पन्न भयो।पदम बराईली अनि सुनिता गुरुङले सञ्चालन गरेको उक्त जीटीए आईडलको अडिशन राउन्डमा आठजना प्रतियोगीहरुले आफ्नो प्रस्तुति दिएका थिए भने तीमध्ये छजना प्रतियोगीहरु पियानो राउन्डको निम्ति छनौट भएका छन्। आजको लाब्दा-मङपू समष्टि स्तरीय जीटीए आईडल अडिशन राउन्डमा मुख्य निर्णायकहरु बेनु बम्जन,अकबर राई र सोमछिरिङ लेप्चा रहेका थिए। पियानो राउन्ड आगामी 2 फरवारीको दिन स्थानीय सरस्वती विद्यालय भवनमा हुने जानकारी आयोजक पक्षले दिएको छ।

****** ० ******

## देवचा-पचामी कोइला

पश्चिम बंगाल सरकारले देवचा-पचामी कोइला खण्डको 30 प्रतिशत क्षेत्रमा कोइला ग्यासीकरणको सम्भावना खोज्न शुरू गरेको छ। यी क्षेत्रहरूमा पारम्परिक ओपन-कास्ट तथा अण्डरग्राउण्ड खनन तकनिक सम्भव छैन। राज्यका बिजुली विभागीय शीर्ष अधिकारीले सोमवार सो जानकारी गराए।
भारतको सबैभन्दा ठूलो तथा विश्वको दोस्रो सबैभन्दा ठूलो कोइला भण्डार मानिने यस क्षेत्रका रहल भागहरूमा ओपन-कास्ट तथा अण्डरग्राउण्ड खनन गरिनेछ। यस अतिरिक्त फरवरीको पहिलो सप्ताहमा खानीका केही भागहरूमा ओपन-कास्ट माइनिंग शुरू गरिनेछ।
देवचा-पचामी खानीमा खननको जिम्मा पश्चिम बंगाल पावर डेभलपमेन्ट कर्पोरेशन लिमिटेड (डब्ल्यूबीपीडीसीएल)-लाई दिइएको छ। डब्ल्यूबीपीडीसीएलका प्रबन्ध निदेशक पीबी सलिमले भन्नु भयो, कोइला ग्यासीकरणका सम्भावना तथा भारतीय अनि विदेशी विशेषज्ञहरूसित धेरैवटा बैठकहरू भइसकेका छन्।
उहाँले भन्नु भयो, हाम्रो योजना अनुसार 30 प्रतिशत कोइला ओपन-कास्ट माइनिंगबाट, 40 प्रतिशत अण्डरग्राउण्ड माइनिंगबाट तथा रहल 30 प्रतिशत ग्यासीकरण तकनिकको माध्यमबाट निकालिन्छ। ग्यासीकरण नै यस मेगा कोइला खण्डको पूर्ण क्षमताको उपयोग गर्ने एक मात्र उपाय हो।
डब्ल्यूबीपीडीसीएलले ग्यासीकरण परियोजना औ खनन कार्यसँगसँगै अघि बढ्ने योजना बनाएको छ। अण्डरग्राउण्ड खननको लागि वैश्विक निविदा जारी गरिएको छ जसमा केही कम्पनीहरूले रूचि देखाएका छन्।

****** ० ******

## महानदी ग्राम पञ्चायत

खरसाङ खण्ड अन्तर्गत महानदी ग्राम पञ्चायत बेस्ट पर्फर्मेन्सको आधारमा जीटीए क्षेत्रभरिमै प्रथम भएर दार्जिलिङमा पुरस्कृत बनेको छ। जीटीए क्षेत्रका 112 वटा ग्राम पञ्चायतहरुमध्ये महानदी ग्राम पञ्चायत प्रथम भएपछि हिजो दार्जिलिङको चौरास्ता परिसरमा आयोजित 76औं गणतन्त्र दिवसको अवसरमा दार्जिलिङकी जिल्लापाल डा. प्रीति गोयलको बाहुलीबाट पुरस्कार र सम्मान प्राप्त गरेको छ।
हिजो गणतन्त्र दिवसको अवसरमा जीटीए क्षेत्रका 112 ग्राम पञ्चायतहरुमध्ये बेस्ट पर्फर्मेन्स दिने जीटीए क्षेत्रका तीनवटा ग्राम पञ्चायतहरुलाई पुरस्कृत गरियो। यसमा प्रथम महानदी ग्राम पञ्चायत, दोस्रो गोक ग्राम पञ्चायत दुई र तेस्रो तकदाह ग्राम पञ्चायत हुन सफल बनेको छ। प्रथम स्थानमा आउन सफल महानदी ग्राम पञ्चायतको तर्फबाट पञ्चायत प्रधान पासाङ शेर्पा, ईए विद्या सिंह, सचिव पेन्चेन ल्हमु तामाङ र एसटीपी सबीर रहमान दार्जिलिङको चौरास्तामा आयोजित कार्यक्रममा उपस्थित भएर पुरस्कार एवं सम्मान ग्रहण गरेका छन्।
महानदी ग्राम पञ्चायत जीटीए क्षेत्रको 112 वटा ग्राम पञ्चायतहरुमध्ये बेस्ट पर्फर्मेन्सको आधारमा प्रथम बनेकोमा पञ्चायत प्रधान पासाङ शेर्पा, ईए विद्या सिंह र सचिव पेन्चेन ल्हमु तामाङले हर्ष व्यक्त गरेका छन्।

****** ० ******

## 'आई लभ रंगटङ्ग' बोर्ड तोडफोड

खरसाङ खण्ड अन्तर्गत घैयाबारी ग्राम पञ्चायत दुई अन्तर्गत तीनधारेको रंगटङ्गमा नवनिर्मित 'आई लभ रंगटङ्ग' लेखिएको बोर्ड असामाजिक तत्वहरुले भत्काइदिएका छन्। कर्माध्यक्ष साजन दर्जीको पहलमा खरसाङ खण्ड पञ्चायत समितिको तर्फबाट पर्यटकहरुका साथै स्थानीयहरुका लागि उक्त 'आई लभ रंगटङ्ग' लेखिएको बोर्ड त्यहाँ स्थापित गरिएको थियो। यस स्थलको गत वर्ष 2024 को नोभेम्बर महिनामा खरसाङ खण्ड पञ्चायत समितिकी सभापति अनु छेत्री प्रधानको बाहुलीबाट उद्घाटन गरिएको थियो। उक्त बोर्ड केही असामाजिक तत्वहरुले भत्काइदिएका छन्। यस घटनालाई लिएर खरसाङ खण्ड पञ्चायत समितिका कर्माध्यक्ष साजन दर्जीले स्थानीय पुलिस प्रशासनमा जानकारी गराएका छन् र पुलिस प्रशासनले पनि यस घटनाको सम्बन्धमा जाँच गरिरहेको बताइएको छ।
कर्माध्यक्ष साजन दर्जीले यस घटनालाई लिएर स्थानीय पुलिस प्रशासनलाई जानकारी गराएको र प्रशासनले यस क्षेत्रमा गस्ती बढाएको बताउनु भएको छ। उहाँले यहाँ 'आई लभ रंगटङ्ग' बोर्ड पुनः निर्माण गर्नलाई पहल शुरू गरिएको र केही दिनमा आइपुग्ने बताउनु भएको छ। उहाँले यो नहुनु पर्ने घटना घटेको भन्दै भविष्यमा फेरि यस्तो नहोस् किनभने यो कार्य स्थानीयहरु र पर्यटकहरुका

लागि निर्माण गरिएको बताउनु भएको छ।
घैयाबारी ग्राम पञ्चायत दुईका उप प्रधान रञ्जित थापाले पनि उक्त घटनाप्रति दु:ख व्यक्त गर्नु भएको छ।

****** ० ******

## अधुरो निर्माण कार्य पुनः शुरू

गत वर्ष खन्न शुरू गरिएको खरसांग खण्ड अन्तर्गत पंखाबारी नयाँ गाउँको सडकका माथिल्लो अनि तल्लो भागहरू बर्खायामको पानीले भत्काइदिएपछि सडक निर्माण कार्यमा केही अवरोध आएको थियो। यद्यपि त्यस अधुरो निर्माण कार्य आजदेखि पुनः शुरू गरिएको छ। सन्तमेरिज तीन ग्राम पञ्चायत प्रधान मणिराज डुम्जनको पहलमा बाटो निर्माणको निम्ति जेसीबी लगाएर बाटो सफा गरिएको औ हाललाई गाडी कुद्न सक्नेसम्म बनाइएको छ भनी स्थानीय कबीर लामाले जानकारी दिनु भएको छ। उहाँले जनाए अनुसार यसको निम्ति स्थानीय ग्रामवासीले पञ्चायत प्रधान मणिराज डुम्जन साथै जीटीए प्रमुख अनित थापा, क्षेत्रिय सभासद कल्पना प्रधान, पञ्चायत सदस्य अनि भागोप्रमो पार्टी कार्यकर्ताहरू प्रति आभार प्रकट गरेको बताउनु भएको छ|

## मौसम - पश्चिम बंगालमा

पश्चिम बंगालमा मौसमको स्वरूप हाल शुष्क अनि स्थिर भएको छ। कोलकातासहित राज्यका अधिकांश भागहरूमा आकाश सफा रहनेछ भने आगामी 24 घण्टासम्म कुनै प्रकारको वर्षा हुने सम्भावना छैन। मौसम विभागद्वारा आज बताइएको छ, कोलकातामा अधिकतम तापमान 25 डिग्री सेल्सियस र न्यूनतम तापमान 13 डिग्री सेल्सियस लगभग रहने अनुमान छ। आद्रता आज बिहान 90 प्रतिशत रह्यो भने दिउँसो यो घटेर 36 प्रतिशतसम्म पुग्यो। बितेको 24 घण्टामा कोलकातामा पानी परेन।
राज्यका अन्य जिल्लाहरूमा पनि मौसम सफा अनि जाड़ो यथावत रहनेछ। दक्षिण 24 परगना अनि उत्तर 24 परगनामा दिउँसो हल्का घामसितै जाड़ोको प्रभाव कायम रहनेछ। हावड़ा एवं हुगली जिल्लामा पनि बिहान-बेलुकी सामान्य जाड़ो महसूस हुनसक्छ जबकि दिउँसो मौसम रमाइलो रहनेछ। मेदिनीपुर अनि झाड़ग्राम जस्ता क्षेत्रहरूमा तापमान स्थिर रहनको साथै शुष्क मौसम रहने सम्भावना छ।
उत्तर बंगालका जिल्लाहरू क्रमैले मालदा र मुर्शिदाबादमा बिहान हल्का कुहिरो लागे पनि दिनभरि मौसम सफा रहेको छ। दार्जीलिङ तथा कालेबुङ जस्ता पहाड़ी क्षेत्रहरूमा तापमान धेरै कम रहनेछ जसबाट बिहान-बेलुकी अधिक जाड़ो महसूस हुनेछ। तथापि दिउँसो मौसम सफा रहेको छ।
पश्चिम बंगालको कुनै पनि भागमा बितेको 24 घण्टामा वर्षा दर्ता गरिएको छैन। मौसम विभाग अनुसार आगामी केही दिनसम्म वर्षा हुने सम्भावना पनि छैन। समग्रमा भन्न पर्दा राज्यमा जाड़ोको प्रभाव कमै रहनेछ, तर सफा र रमाइलो मौसमले मानिसहरूलाई राहत दिनेछ। कोलकाता सहित राज्यभरि नै बिहान-बेलुकी जाड़ो यथावत रहनेछ।

## शहीद गोल्ड कप फुटबल टुर्नामेन्ट

जीटीएको खेलकूद अनि युवा मामिला विभागको सहयोगमा खरसाङ महकुमा खेलकूद संघको आयोजनामा खरसाङको चानमारी खेल मैदानमा भइरहेको शहीद गोल्ड कप फुटबल टुर्नामेन्टमा दार्जिलिङ युनाइटेड सेमिफाइनलमा प्रवेश गरेको छ। आज भएको दोस्रो क्वार्टर फाइनल खेलमा दार्जिलिङ युनाइटेडले प्रतिद्वन्दी दल ब्राइट स्पोर्टिङ्ग क्लबलाई पराजित गऱ्यो।यस खेलमा दार्जिलिङ युनाइटेड 4-0 को अन्तरले सजिलै बिजय बन्दै शहीद गोल्ड कपको सेमिफाइनलमा प्रवेश गरेको छ। दार्जिलिङ युनाइटेडको तर्फबाट जर्सी नम्बर 15 नोरज्याङ लेप्चाले ह्याट्रिक गरे। उनी यस टुर्नामेन्टमा ह्याट्रिक गर्ने पहिलो खेलाडी बनेका छन्| आजको खेलमा दार्जिलिङ युनाइटेडका नोरज्याङ लेप्चालाई म्यान अफ् द म्याच चयन गरियो।भोलि, दुईवटा क्वार्टर फाइनल खेल हुनेछ। पहिलो खेल दार्जिलिङ पुलिस र केएफसी सिलगढीमाझ र अर्को खेल कन्काई नेपाल एफसी र गढवाल राईफलमाझ हुने जानकारी शहीद गोल्ड कपका संयोजक बिजय राईले गराउनु भएको छ।

****** ० ******

## शब्द समयको 138औं प्रकरण

मासिक रुपमा आयोजना गरिने शब्द समयको 138औं प्रकरण सालबारी बजारस्थित सयपत्री सङ्घको प्रेक्षागृहमा सम्पन्न भयो। कार्यक्रमको शुभारम्भ समसामयिक साहित्यिक विषयमाथि डा. सञ्जय बान्तवाको वक्तव्यद्वारा भयो।

****** ० ******